सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
# शुभम सन्देश
Shubham Sandesh
National DAILY दैनिक

वर्ष :५ अंक ८४ २०८० साल, मंसीर १६ गते शनिबार, Saturday 2 Dec, 2023 मूल्य रु. ५/- पृष्ठ :४

## स्वर्गीय पत्रकार सर्राफको नाम जीवन्त राख्न महानगरपालिका सधैं तयार : मेयर सिंह




***शुभम सन्देश,***
***बिरगंज, १५ मंसीर***

रेडियो वीरगञ्ज परिसरमा भएको पत्रकार स्वर्गीय नरेश सर्राफको प्रथम स्मृति सभालाई सम्बोधन गर्दै वीरगञ्ज महानगर पालिकाका प्रमुख राजेशमान सिंहले स्वर्गीय नरेश सर्राफको नाम जीवन्त राख्न महानगरपालिका सहयोग गर्न सधैं तयार रहेको बताए। वीरगञ्जका क्रियाशील पत्रकार स्वर्गीय नरेश सर्राफको स्मृति सभा समाजवादी प्रेस सङ्गठन पर्सा, रेडियो वीरगञ्ज र राष्ट्रिय सहारा दैनिकले संयुक्त रूपमा आयोजना गरेको थिए ।उक्त कार्यक्रमका प्रमुख अतिथि समेत रहेका प्रमुख सिंहले वर्षमा एक दिन मात्र नभई दुई/तीन पटक भए पनि विभिन्न कार्यक्रमको आयोजना गरी स्वर्गीय सर्राफको नाम जीवन्त राख्न आग्रह गर्दै भने, 'नरेशजीले गरेको कामको र उहाँले समाज सुधारमा पुर्‍याएको योगदानको चर्चा निरन्तर हुन् आवश्यक छ।'

स्मृति सभामा आयोजकको तर्फबाट समाजवादी प्रेस सङ्गठन पर्साका अध्यक्ष मनोज पटेलले स्वर्गीय सर्राफको नाममा 'नरेश सर्राफ स्मृति प्रतिष्ठान' गठन गरिने जानकारी दिए। प्रतिष्ठानले सर्राफको दोस्रो पुण्य तिथिदेखि प्रत्येक वर्ष एक जना क्रियाशील पत्रकारलाई 'नरेश सर्राफ स्मृति पत्रकारिता पुरस्कार' पनि प्रदान गर्ने बताए। त्यस्तै प्रतिष्ठान मार्फत विभिन्न कार्यक्रमहरू आयोजना गरिने उनले बताए।

राष्ट्रिय सहारा दैनिकका प्रकाशक चन्द्र भूषण साहको सभापतित्वमा भएको कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मी, नेकपा एमाले पर्साका संयोजक डा. विश्वम्भर कुमार शर्मा, समाजवादी प्रेस सङ्गठन नेपालका महासचिव राम कुमार एलन, जसपा पर्साका सचिव तबरेज अहमद, नेकपा एकीकृत समाजवादीका वीरगञ्ज महानगर अध्यक्ष मनोज चौधरी, जनमत पार्टीका पर्सा जिल्ला सह इन्चार्ज मुकेश द्विवेदी, जनता समाजवादी पार्टी नेपाल वीरगञ्ज महानगर कमिटीका अध्यक्ष ईश्वर चन्द्र यादव, नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारी, समाजवादी प्रेस सङ्गठनका केन्द्रीय सचिव ब्रिजलाल पासवान, रेडियो वीरगञ्जका समाचार प्रमुख ध्रुव अधिकारी, प्रेस सेन्टरका पर्सा अध्यक्ष दिपक गौतम, प्रेस चौतारी पर्साकी उपाध्यक्ष कविता खड्का, प्रेस युनियन पर्साका पूर्व सभापति रामनारायण कुर्मी लगायतकाले मन्तव्य राखेका थिए।

कार्यक्रम सञ्चालन पत्रकार शम्भुकुमार सुमनले गरेका थिए। नेपाल पत्रकार महासङ्घ पर्सा र समाजवादी प्रेस सङ्गठन पर्साका कार्य समिति सदस्य समेत रहेका पत्रकार सर्राफको २०७९ मङ्सिर १५ गते अल्पायु मै हृदयाघातबाट निधन भएको थियो। सर्राफको स्मृति सभामा एकीकृत समाजवादीका वीरगञ्ज महानगरका अध्यक्ष मनोज चौधरी ले स्वर्गीय नरेश सर्राफको नाम जीवन्त राख्न गठन हुने प्रतिष्ठानलाई ५० हजार रुपैयाँ सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। स्वर्गीय सर्राफको श्रीमती र एक छोरी छन्।

## बाराका एक जना नक्कली प्रहरी वीरगंजमा पक्राउ



***शुभम सन्देश,***
***बिरगंज, १५ मंसीर***

व्यापारीसंग पैसा उठाइरहेको अवस्थामा पर्सा प्रहरीले बाराका एक जना नक्कली प्रहरीलाई पक्राउ गरेको छ। वीरगन्ज महानगर पालिका- २३ स्थित हरपतगन्जमा व्यापारीसंग महिनावारी रकम उठाई रहेको विशेष सूचनाको आधारमा प्रहरीले ४५ वर्षीय गोबिन्द महतो कोईरीलाई शुक्रवार पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायव उपरीक्षक कुमार विक्रम थापाका अनुसार पक्राउ परेको कोईरील बारा जिल्लाको आदर्शकोतवाल गाउपालिका वाडा नम्बर ८ लक्ष्मीटोल निवासी रहेका छन्। विगत ५,६ महिनादेखि आफू मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरबाट वारा , पर्सा, र रौतहटका लागि खटिएको घुमुवा प्रहरी हु भन्दै हरतगन्ज स्थित केमिकल कम्पनी अगाडि व्यापारीसंग पैसा उठाई रहेको जानकारी आउनासाथ प्रहरी चौकी सिर्सियाबाट प्रहरी परिचालन गरिएको थियो। कोईरीलाई प्रहरी हिरासतमा थप अनुसन्धान थालिएको प्रहरी प्रवक्ता समेत रहेको थापाले जनाए।

## कोप-२८ लाई नेपालले अवसरका रुपमा प्रयोग गर्ने प्रधानमन्त्री दाहालको भनाइ

**रासस**




प्रधानमन्त्री पुष्पकमल दाहालले जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलनलाई नेपालले अवसरको रुपमा प्रयोग गर्ने बताएका छन।संयुक्त अरब इमिरेट्सको दुबइमा आयोजित जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय सम्मेलन (कोप-२८) को उद्घाटन समारोहमा सहभागी भएपछि आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन।

प्रधानमन्त्री दाहालले संयुक्त अरब इमिरेट्सको दुबइमा आयोजित जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्र संघीय सम्मेलनमा नेपाल विश्व समुदायको प्राथमिकमतामा परेको बताए। प्रधानमन्त्रीले उद्घाटन समारोहमा संयुक्त राष्ट्र संघका महासचिवले जलवायु परिवर्तनको प्रभाव नेपाल र अन्टार्कटिकामा परेको भन्ने अभिव्यक्ति दिएबाट नेपाल विश्वकै नजरमा परेको बताएका हुन। जलवायु परिवर्तनको विषयलाई आफ्नो नेतृत्वको सरकारले निकै महत्व दिएको बताउदै प्रधानमन्त्री दाहाले वर्तमान युवा पुस्ता र भावी सन्ततिको जीवनका लागि आफू गम्भीर बनेको बताए। जलवायु परिवर्तनबाट परेको असरको क्षतिपूर्तिबापत नेपालले विशेष प्राथमिकता पाउनुपर्ने अधिकार राख्छ भन्ने कुरा विस्तारै स्थापित हुने प्रधानमन्त्रीको भनाइ छ।

जलवायु परिवर्तनको विषयलाई आफ्नो नेतृत्वको सरकारले निकै महत्व दिएको बताउदै प्रधानमन्त्री दाहालले वर्तमान युवापुस्ता र भावी सन्ततिको जीवनका लागि आफू गम्भीर बनेको बताए। प्रधानमन्त्री दाहालले डिसेम्बर २ तारिक अर्थात भोलि सम्मेलनमा सम्बोधन गर्ने कार्यक्रम रहेको छ। त्यसबखत प्रधानमन्त्री पुष्पकमल दाहालले देशको पहिचान, स्वाभिमान, वातावरणीय अवस्था र मानवताको विषयलाई बलियो रुपमा उठाउँदै छन। सम्मेलनमा प्रधानमन्त्री दाहाले सैद्धान्तिक कुराहरु जोडदार रुपमा उठाउने बताएको छ। तर, त्यसको कार्यान्वयनका लागि नेपाली प्रतिनिधिहरुले विभिन्न छुट्टा छुट्टै द्विपक्षीय र बहुपक्षीय बैठकहरुमा कुरा गर्ने छन्। कोप २८ सम्मेलनको उद्घाटन सत्र आज सम्पन्न भएको छ। उद्घाटन सत्रलाई सम्बोधन गर्दै संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटरेसले विश्वमै जलवायु परिवर्तनको सबैभन्दा ठूलो प्रभाव नेपाल र अन्टार्कटिकामा परेको उल्लेख गरेका थिए।

खासगरी औद्योगिक राष्ट्रहरुले कार्वन उत्सर्जन कम गर्ने विषयमा आफ्नो धारणा राखिरहेका छन भने औद्योगिक राष्ट्रहरुको अत्यधिक कार्वन उत्सर्जनबाट मार खेपिरहेका राष्ट्रहरुले भने क्षतिपुर्तिलाई आफ्नो मुख्य एजेण्डाको रुपमा राखिरहेका छन। नेपालले यतिबेला जलवायु परिवर्तनमा विश्व समुदायको चुनौतिपूर्ण समस्याका रुपमा रहेको कुरा प्रष्टसँग राख्दैछ। यही कुरा नेपाली प्रतिनिधि मण्डलसंगको छलफलमा प्रधानमन्त्रीले राखेका थिए।

विश्व यतिबेला जलवायु परिवर्तनबाट प्राणी जगतमा परिरहेको बाँकी तेस्रो पृष्ठमा........

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
शुभम् सन्देश
National DAILY दैनिक
Saturday 2 Dec, 2023

# जसले गल्ती गरे पनि राष्ट्र बैंकलाई दोष दिइन्छ, यो गलत छ



**महाप्रसाद अधिकारी**

अर्थतन्त्रको सन्दर्भमा हाम्रा विविध धारणा बाहिर आइ रहेका छन्। यसमा पनि नकारात्मक कुरालाई बढी प्राथमिकता दिने र भएको विषयलाई प्रयोग गर्ने गरिएको छैन। सँगै आफ्नो काम, आफ्नो धर्म नगर्ने र अरुले गरिरहेको कामलाई व्यापक टिप्पणी गर्ने आम नेपालीको विशेषता जस्तै भइसकेको छ।

मेरो अनुरोध छ, पहिले सबैले आफ्नो-आफ्नो काम गरौं। हामी सबैलाई थाहा छ, हाम्रो अर्थतन्त्र संरचनात्मक हिसावले समस्यामा छ। रेमिट्यान्सबाट रकम आउँछ, त्यो रकमले आयात गर्छौं, त्यही आयातले हामी उपभोग गर्छौं, त्यही आयातमा कर लगाएर हामी राज्य चलाउँछौं र आन्तरिक उत्पादनलाई बेवास्ता गर्छौं।कैयौं नीतिगत व्यवस्था आन्तरिक उत्पादन बढाउन प्रयास नभएको होइन, तर त्यो दिशामा प्रचुर मात्रामा काम गर्न सकिएको छैन। बरु कुरा आउँछ, अर्थमन्त्री र गभर्नरको सम्बन्ध, वित्त र मौद्रिक नीतिको सम्बन्ध। हाम्रो सम्बन्धमा कुनै खोट, अप्ठ्यारो केही पनि छैन।

बजेटमा उल्लेख भएको कुन कुरा राष्ट्र बैंकले सम्बोधन गरेन ? कुन कुरा मौद्रिक नीतिले वा बैकिङ क्षेत्रले सम्बोधन गरेन ? कुन कुरामा समस्या छ ? राष्ट्र बैंकको मौद्रिक नीतिलाई राज्यको तर्फबाट कहाँनिर सहयोग भएन ? यो मैले कतै पनि अनुभव गरेको छैन। जब मलाई अनुभव छैन भने, रमाइलोका लागि लेखेर के अर्थ ?समग्र अर्थतन्त्रलाई केलाउँदा अर्थतन्त्रका चार वटै क्षेत्रमा नराम्रो अवस्था देखिँदैन। वित्त क्षेत्रमा गत वर्ष र यो वर्ष केही समस्या देखिएको हो तर यो पनि नियन्त्रण भित्रै छ। समग्र आर्थिक क्षेत्रमध्ये मौद्रिक र बैकिङ क्षेत्रको स्थायित्व दिगो आर्थिक विकासका लागि अपरिहार्य हुन्छ। यसमा हामी दत्तचित्त छौं।

इन्डिकेटरले पनि त्यो देखाएको छ। आर्थिक शिथिलताका कारण एमपीएमा केही समस्या देखिएको छ। कर्जाको गुणस्तरमा देखिएको छ। त्यसकारण राष्ट्र बैंकले केही कसिलो नीति पनि लिएको छ।आज नकस्ने हो भने भोलि अप्ठ्यारो पर्न सक्छ। नाफातिर, लाभांश वितरणमा धेरै जोड दिनु हुँदैन। यस्तो बेला संस्थाको सुरक्षा महत्वपूर्ण हो। त्यसकारण हामीले 'प्रोभिजनिङ'मा कडाइ गरेका छौं। कोभिड-१९ का बेला हेर्न नभ्याइरहेका कुरा अहिले हेर्न भ्याइरहेका छौं। त्यसअर्थमा एमपीए बढेको अवस्था देखिएको हो।

यसो हुनुमा नियामककारी निकायको सक्रियताको समेत भूमिका रहेको छ। अर्कोतर्फ बजारमा देखिएको शिथिलताले समेत काम गरेको छ। शिथिलताका वावजुत एमपीएमा दक्षिण एसियामा हामी धेरै तल छौं।

यो महत्वपूर्ण विषय हो। यस अर्थमा बैकिङ सिस्टम सुरक्षित छ। नागरिकको विश्वासमा छ।मैले कति ऋण लिनुपर्ने हो, मेरो व्यवसायको आकार कत्रो हो, आफ्नो घाँटीको आकार नहेरी हड्डी निल्न खोज्नुहुन्छ।

अनि अड्कियो भनेर समस्या चाहिँ राज्यलाई, राष्ट्र बैंकलाई थोपर्नुहुन्छ। यो गलत छ।दोस्रो क्षेत्र बाह्य क्षेत्र, ऐतिहासिक रुपमा उच्च विदेशी मुद्राको सञ्चितिमा छौं। १०.३ महिनाको वस्तु र सेवा आयात र १२ महिनाभन्दा बढीको वस्तु आयात गर्ने क्षमता हामीसँग छ। कात्तिकको तथ्यांक आइसकेको छैन। तर अरु विभिन्न क्षेत्रका तथ्यांक अनुसार यो तत्काल घट्ने अवस्था छैन। यो निकै सहजता विषय हो। राज्यको कुनै पनि अंगले काम गर्न खोज्दा, निजी क्षेत्रले कुनै पनि योजना अघि बढाउन खोज्दा हामीलाई विदेशी मुद्रा पुग्दैन कि, पाइँदैन कि, केन्द्रीय बैंकले दिँदैन कि ? भन्ने खालको कन्जुस्याइँ गर्नुपर्ने अवस्था छैन। यो हाम्रो तागत हो, यसको प्रयोग गर्न सक्नुपर्छ।तेस्रो वास्तविक क्षेत्र हो। कतिपयले मनोवर गिरेको सन्दर्भ निकाल्ने गर्नु भएको छ। मनोबल गिरेको र कारोबार गर्न अप्ठ्यारो परेको बताउने गर्नु भएको छ। पछिल्लो समय पर्यटनमा राम्रो उपलब्धि भएको छ।

व्यक्तिगत रुपमा कतिपय व्यवसायीलाई अप्ठ्यारो परेको छ। यसमा रिपेमेन्टको समस्या छ भन्नु भएको छ। कतिपय व्यवसायी साथी, जो ऋण लिनुहुन्छ, तर आफ्नो योजना राम्रोसँग बनाउनु हुँदैन। मैले कति ऋण लिनुपर्ने हो, मेरो व्यवसायको आकार कत्रो हो, आफ्नो घाँटीको आकार नहेरी हड्डी निल्न खोज्नुहुन्छ। अनि अड्कियो भनेर समस्या चाहिँ राज्यलाई, राष्ट्र बैंकलाई थोपर्नुहुन्छ। यो गलत छ।ऋण मात्रै सबै कुरा होइन, ऋणको हिस्सा कति हो, ब्याजले कति असर गर्छ, व्यवसायको कुल लागतमा उसको कच्चा पदार्थको लागत कति हो ? श्रमको लागत कति हो ? ब्याजको लागत कति हो ? उद्योग र क्षेत्रअनुसार यसको विश्लेषण गर्नुपर्छ।अहिले पनि ठूला व्यवसायीले साढे ६ प्रतिशत हाराहारी ब्याजदरमै ऋण लिनु भएको छ। दर निश्चित छ। कतिपयको ३ वर्ष अगाडि फिक्स गरेको रेट, साढे ६ प्रतिशतको रेटमा अहिले पनि रमाइरहनु भएको छ। ८ प्रतिशत, ९ प्रतिशतमा लिने तथुप्रै व्यवसायी हुनुहुन्छ, जसले पहिले नै लक गर्नुभएको छ, फिक्स गर्नु भएको छ।बजारमा हौवा फैलाउने हिसाबले नचाहिँदो कुरा गर्न भएन। लिँदै नलिएको कुरा लियो भनेर बजारलाई अनावश्यक रुपमा अराजकता फैलाउनेलाई प्रोत्साहित गर्ने गरी हामीले बोलिरहेका छौं, जुन कुरा गलत छ।

तथ्य के हो, त्यो हेर्नु पर्‍यो।अहिले बैंकहरुको बेस रेट १० प्रतिशत अथवा पौने १० प्रतिशत भइरहँदा पनि साढे ६, ७/८ प्रतिशत ब्याजमै ऋण लिने व्यवसायीहरु पनि हुनुहुन्छ। तर, कतिपय साथिहरु नेताज्यु कहाँ जानुहुन्छ, यहाँ भाषण गर्दा भन्नुहुन्छ, बैंकले १८ प्रतिशत ब्याज लिइरहेको छ। म उहाँहरुलाई आह्वान गर्न चाहन्छु, यदि वाणिज्य बैंकले १८ प्रतिशत, १६ प्रतिशत ब्याज लिइरहेको छ भने त्यो स्टेटमेन्ट लिएर आउनुस् राष्ट्र बैंकमा। हामीसँग गुनासो सुन्ने इकाई छ, डेडिकेटेड कन्जुमर प्रोटेक्सन डिभिजन छ, त्यसले हेर्छ। हामी बढी लिएको ब्याज फिर्ता गराउँछौं। गत सालमात्रै हामीले बैंकहरुले लिएको अतिरिक्त प्रिमियम ४ अर्ब ७६ करोड रुपैयाँ फिर्ता गरायौं।तर, बजारमा हौवा फैलाउने हिसाबले नचाहिँदो कुरा गर्न भएन। लिँदै नलिएको कुरा लियो भनेर बजारलाई अनावश्यक रुपमा अराजकता फैलाउनेलाई प्रोत्साहित गर्ने गरी हामीले बोलिरहेका छौं, जुन कुरा गलत छ।

तथ्य के हो, त्यो हेर्नु पर्‍यो।हामीले ब्याजदर बजारलाई छाडेका छौं। बैंकलाई गत साल असार मसान्तसम्म ४.४ प्रतिशत कर्जामा लिने र निक्षेपमा दिनेबीचको ब्याज अन्तर (स्प्रेड) राख्नुपर्छ भनेका थियौं।१ साउनदेखि त्यसलाई घटाएर ४ प्रतिशत बनाएका छौं। त्यसको उदेश्य बैंकले बढी स्प्रेड नलियोस् भन्ने हो। अहिले बैंकहरुलाई त्यसको असर परिरहेको छ, बैंकको नाफामा परेको छ।कतिपयले राष्ट्र बैंकले बैंकलाई मात्रै हेर्‍यो भन्नुहुन्छ। हामीले यो नीति ल्याइरहँदा बैंकलाई हेरेको हो कि उपभोक्तालाई हेरेको हो ? ब्याजदर बढ्यो भने त्यसको अन्तिम फाइदा पाउने उपभोक्ताले हो। ब्याजदर बढ्यो फाइदा बचतकर्ताले पाउँछ, घट्दा ऋण लिनेले पाउँछ। बैंकले पाउने भनेको त ४ प्रतिशत स्प्रेडमात्रै हो।वास्तविक क्षेत्रभित्र आर्थिक वृद्धिको कुरा गरिरहँदा गत वर्ष राज्यको अपेक्षाभन्दा आर्थिक वृद्धि निकै तल थियो। यो वर्षको आर्थिक वृद्धि विगत १० वर्षको औसतभन्दा कम नहुने अनुमान छ। सार्वजनिक वित्तका बारेमा प्रश्न उठ्ने गरेको छ।

राजस्व कम उठ्नुका पछाडि विविध कारणहरु छन्। हाम्रो राजस्वको आधार परिवर्तन हुँदै गएका छन्। हिजो जुन स्रोतहरुमा हामी राजस्व लगाउँथ्यौं, ती स्रोत फरक बन्दै गएका छन्। आन्तरिक रुपमा हिजो सटरमा हुने कारोबार आज अनलाइनबाट हुने थालेको छ।सामाजिक सञ्जालको माध्यमबाट विज्ञापन गरिरहेका छन्। विज्ञापनको कारणले कैयौं मिडिया हाउसलाई असर परिरहेको छ। सामाजिक सञ्जालले विज्ञापनको ठूलो हिस्सा लिएर गइरहेको छ। भविष्यमा अहिलेको मिडिया क्षेत्रका लागि यो ठूलो चुनौती हुन्छ। यसरी भइरहेको सिफ्टको असर राजस्वमा पनि छ। हिजो सवारी साधनबाट ठूलो राजस्व आउँथ्यो, आज हामीले विद्युतीय गाडीलाई प्रोत्साहन गरिरहेका छौं। वातावरणको हिसाबले, हरित ऊर्जाको हिसाबले। फलस्वरुप त्यो राजस्वको ठूलो हिस्सा घटेको छ।उद्योगमा पनि जसरी राजस्व आउने थियो, त्यसलाई हामीले कहीँ कतै सिफ्ट गरिरहेको अवस्था छ। त्यसका असरहरु छन्। त्यसको असर राजस्व परिचालनमा परेको छ।शिथिलताको अवस्थामा सामान्यतया आर्थिक शिथिलताका बेला ठूला योजनामा हुने खर्चमा असर पर्छ।

ठूला योजनामा काम भयो भने त्यसले स-सानो अर्थतन्त्रलाई समेत गतिशील बनाउँछ। त्यससँग गाँसिएका अरु कैयौं योजना आउँछन्, फरवार्ड र ब्याकवार्ड लिंकेज हुन्छ, त्यसकारण खर्च बढाउने हो भने समग्र अर्थतन्त्रमा सहयोग पुग्छ। हाम्रो गाउँघरमा एउटा उखान छ, जो सुकैले गल्ती गरेपनि दोष चाहिँ काले भैरेलाई दिनु।

नेपालमा पनि त्यस्तै भइरहेको छ अहिले। जो सुकैले काम नगरेपनि दोष मौद्रिक नीतिलाई दिनु, राष्ट्र बैंकलाई दिनु। जुन सरासर गलत हो।मौद्रिक नीतिका आफ्ना सीमा छन्। मौद्रिक नीतिको निश्चित उद्देश्य हुन्छ। त्यो भित्र बसेर हामीले काम गर्ने हो। मैले गएर धौबादीको फलाम खानी उत्खनन गर्न सक्दिन।

मैले दैलेख गएर ग्याँस निकाल्न सक्दिन। त्यसमा राष्ट्र बैंकको भूमिका हुँदैन। मौद्रिक नीतिको भूमिका हुँदैन। निजी क्षेत्रले बनाइरहने कैयौं घरहरु छन्, ८ करोड वा ७ करोडका। त्यो घर ४० लाखमा बनाइदिनुस् न, यसले अर्थतन्त्र कति चलायमान हुने रहेछ। धेरै घरहरु बनाइदिनुस् न एकै वर्षमा, अनि कति काम हुँदो रहेछ, अर्थतन्त्र कति चलायमान हुने रहेछ, कति सिमेन्ट चल्छ, कति इट्टा चल्छ!*(नेपाल आर्थिक पत्रकार समाज (सेजन)को २७ औं वार्षिकोत्सवका अवसरमा गभर्नर महाप्रसाद अधिकारीले राखेको मन्तव्यको सार)*

भुकम्पबाट बच्ने उपायहरु...............
-घर ,पुल तथा अन्य संरचना बनाउादा भुकम्प प्रतिरोधी बनाऔ ।
-घर वरिपरी तथा सार्वजनिक स्थललाई खुल्ला राखौ ।
-भुकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔ ।
आदर्श कोतवाल गाउँपालिकाको कार्यालय
महेन्द्र आदर्श बारा

प्रकाशक : रामबाबु प्रसाद मेहता
प्रधान सम्पादक : अजय कुमार
सम्पादक : सरोज कुमार सिंह
सह सम्पादक : सरिता चौधरी
समाचार सम्पादक : तिवारी यादव
प्रबन्धक : मुकेश कुमार महतो
कानुनी सल्लाहकार : परमहंस केशरी
कम्प्यूटर लेआउट : म. फरिद
मुद्रक : बारा प्रिन्टीङ्ग प्रेस
कलैया उमनपा-४, बारा
ईमेल : subhamsandeshdaily@gmail.com
सम्पर्क नम्बर : ९८४५२१७३२९,९८५५०४५५५२, ०५३५५१४९७
प्रधान कार्यालय : सिम्रौनगढ नपा ६, बारा
सम्पर्क कार्यालय : कलैया उमनपा १ (मोतिवाग), बारा

व्यक्तिगत घटना दर्ता समय मै गरौं
जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।
सिम्रौनगढ नगरपालिकाको कार्यालय
सिम्रौनगढ बारा

व्यक्तिगत घटना दर्ता समय मै गरौं
जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।
बारागढी गाउँपालिकाको कार्यालय
बारागढी, बारा

# 'तत्काल अस्थायी टहरा नबनाए मृत्युदर दोब्बरले बढ्छ'

जाजरकोटको भूकम्प प्रभावित क्षेत्र भौगोलिक रूपले आफैंमा अत्यन्त विकट छ । अहिले पनि त्यहाँका अधिकांश गाउँमा फोन सम्पर्क हुन सक्दैन। त्यस्तो अवस्थामा पनि खोज र उद्धारको सवालमा राज्यको भूमिका एकदमै प्रशंसनीय थियो। समयमै हेलिकप्टरबाट उद्धार गरियो । धेरै घाइते बाँच्न सफल भए ।तर राहत वितरण र अस्थायी टहरा पुनर्स्थापनाको सवालमा फेरि देशको बिग्रिएको राजनीतिक अनुहार भूकम्प प्रभावित गाउँहरूमा देखिन थालेको छ ।

तीन तहका सरकार तीनतिर फर्किएका छन् । अस्थायी संरचना निर्माणको सवालमा कसको भूमिका के ? भन्नेमा अस्पष्ट देखिन्छ। सरकारी संरचनाको कमजोर कार्यशैलीको परिणाम आज प्रत्येक दिन चिसोकै कारण भूकम्प प्रभावितहरूले ज्यान गुमाइरहेका छन्। तर सरकारलाई त्यसको कुनै लेखाजोखा छैन ।राहत वितरणमा स्थानीय तहले त्यहाँको तत्कालीन आवश्यकताको लिस्टिङ गरेर योयो सामग्री हामीलाई चाहिएको छ र सोही अनुसार सहयोग गरिदिनुहोस् भनेर दाताहरूलाई आह्वान गर्नुपर्ने थियो । त्यसो गरिएको भए त्यहाँ चाहिने र आवश्यक सामग्रीहरू मात्र पुग्नेथिए ।

त्यो काम अहिलेसम्म पनि हुनसकिरहेको छैन। नागरिकको आवश्यकता एकातिर, दाता र सरकारको चासो अर्कोतिर भएको देखिन्छ ।हिजो दिनहुँ लस्कर लाग्ने ठुला नेताहरू आज कहाँ हुनुहुन्छ ? ठूला नेताहरू जाने समय बल्ल आएको छ। पुनःनिर्माण कार्यको अनुगमन गर्ने, नेता कार्यकर्ता र नागरिकलाई परिचालन गर्नेतिर शीर्ष नेताहरू केन्द्रित हुनुपर्ने हो । चिसोले दिनहुँ भूकम्प प्रभावितहरूको ज्यान गइरहेको छ। तर सरकारले ती मृत्यु हुनेहरूको तथ्याङ्क समेत राख्न सकिरहेको छैन ।सरकार, सत्तापक्ष, प्रमुख प्रतिपक्ष सबैको चासोको विषय दुर्गा प्रसाईंको आन्दोलन र टिकटक बनेको छ । सरकार र प्रमुख प्रतिपक्षलाई मेरो प्रश्न छ, के भूकम्प प्रभावितको ज्यान भन्दा ठूलो टिकटक र दुर्गा प्रसाईंको आन्दोलन हो ? यो कतिसम्मको लापरवाही र गैरजिम्मेवारी हो, उहाँहरूले एकपटक समीक्षा गर्न जरूरी छ ।

यतिबेला गाउँमा त्रिपाल हैन, टेन्ट चाहिएको छ । बारेकोट, कुसे र नलगाडको माथिल्लो क्षेत्रमा अब लगत्तै हिउँ पर्छ। ती क्षेत्रमा त्रिपालले काम गर्दैन । चिसो बढ्दा मात्रै त्यहाँ दिनहुँ जसो मान्छेको मृत्यु भइरहेको छ। अस्थायी टहरा समयमै बनेनन् र अवस्था यही रहे भूकम्प प्रभावित क्षेत्रमा मृत्यु हुनेको संख्या दोब्बरले बढ्ने देखिन्छ ।यो अत्यधिक चिसो हुने समय हो । यस्तो अवस्थामा अस्पताल वा घर जुनसुकै ठाउँमा भए पनि प्राकृतिक रूपमा भर्खरै जन्मेको बच्चा र सुत्केरीलाई चिसोले सबैभन्दा बढी असर गर्छ । गाउँमा पुगेका राहतका त्रिपालले शीत छल्न सकिरहेका छैनन् ।यी त्रिपाल भित्र आगो बाल्दा अलि उमेर पुगेका मानिसहरूलाई खासै असर गर्दैन । तर भर्खरै जन्मेका बालबालिका, सुत्केरी, दीर्घरोगी र ज्येष्ठ नागरिकलाई चिसोबाट बचाउन सक्दैन । जसको परिणाम स्वरुप शीताङ्ग भई उनीहरूको ज्यान गइरहेको छ ।राहतका नाममा गाउँमा चाउचाउ र बिस्कुट बाँडिंदा त्यसले नकारात्मक असर पारिरहेको छ। विपत्पछि बालबालिका कुपोषणको सिकार भइरहेका छन् । बरु गाउँका खेतबारीमा पाइने सिस्नु र रोटी खान उत्प्रेरित गर्न आवश्यक छ ।सित्तैंमा पाइन्छ भनेर गाउँलेले चाउचाउ खाँदा त्यसको नकारात्मक असर हामीले सोचेभन्दा धेरै गम्भीर हुनेछ । पत्रु खानाले बालबालिका बिरामी पर्न थालेका छन् ।

उनीहरूमा निमोनिया, रुघाखोकी, झाडापखाला जस्ता समस्या देखिन थालिसकेको छ ।भूकम्प प्रभावित क्षेत्रमा दाताहरूले चाउचाउ र बिस्कुटको साटो आलुका बोरा, अण्डा, पीठो र चालम लगायतका खानेकुराहरू पठाउन आवश्यक छ । अहिले उनीहरूको खानपिन भने जस्तो नहुँदा र भूकम्पका बीभत्स दृश्यहरूले मानसिक अवस्था पनि ठीक छैन ।जाजरकोटमा चिसोका कारण मृत्यु हुनेमा सबैभन्दा बढी दीर्घरोगी ज्येष्ठ नागरिक हुनुहुन्छ। ज्येष्ठ नागरिक र दीर्घरोगीहरू जो लामो समयदेखि चुरोट खानुहुन्थ्यो र जसको फोक्सोमा समस्या थियो, उहाँहरूलाई पनि चिसोले धेरै असर गरेको छ ।राति कुनै लक्षण देखियो भने अस्पताल जान सकिने अवस्था छैन । जसले गर्दा उहाँहरू सामान्य रोगलाई पचाएर बस्नुभएको छ ।

साना-साना रोगलाई पचाएर बस्यो भने त्यसले कुनै समय ठूलो रूप लिन सक्छ। त्यही भएर मानिसहरूको ज्यान गइरहेको छ । र, अझै जान सक्ने सम्भावना धेरै नै देखिन्छ ।सबै जनाले शौचालय राम्ररी प्रयोग गर्न पाएका छैनन् । खानेपानीको स्रोत पनि राम्रो छैन। सरसफाइ राम्रोसँग गर्न सकेका छैनन् । यदि कसैलाई रुघाखोकी वा भाइरल रोग लाग्यो भने सामूहिक रूपमा बस्दा रुघाखोकी एकअर्कालाई सर्छ । र, यसरी एकअर्कालाई सरेको पनि देखिन्छ । यसकारण पनि धेरै जना बिरामी भएर ज्यान गइरहेको छ ।फिल्डमै गएर अस्थायी टहरा बनाउने पुनःनिर्माणको काम हेर्दा दुःखद् छ । किनभने सरकारी संयन्त्र त्यहाँ छैन भन्दा पनि हुन्छ । सरकारी संयन्त्र, विभिन्न राजनीतिक दल र दातृ निकायहरूले गरिरहेका छन् भनेर उनीहरूलाई नै जिम्मा दिएर बसेको जस्तो देखिन्छ ।त्यहाँ घुम्दा देखिन्छ, राजनीतिक पार्टीले बनाएका टहराहरू त्यति बलिया छैनन्। किनकि उनीहरू यो सम्बन्धमा जान्ने वा इन्जिनियर होइनन् । स-सानो खाल्डो खन्ने, खाँबाहरू गाड्ने र किलाले टिन ठोकिदिने काम मात्रै उनीहरूले गरेका छन्। त्यसमा कुनै मापदण्ड छैन ।यसरी बनाइएका टहराहरूले उपयुक्त परिणाम देला भन्न सकिंदैन। टहराको गुणस्तर भन्दा संख्या बढाउने होडमा छन् उनीहरू । र, मलाई लाग्छ यसरी निर्माण गरिएका यी टहराहरू बस्नलायक पनि छैनन् ।

त्यसैले पुनःनिर्माणको कार्य एकदम निराशाजनक छ । दुःखद् नै छ भन्न सकिन्छ ।स्थानीय तहले सम्बन्धित बस्तीका नागरिकलाई पुनःनिर्माणमा परिचालन गर्नुपर्ने थियो। तर त्यसो गर्न सकिरहेको देखिंदैन। न त बाहिरबाट खटिएका स्वयंसेवकहरूले गरेका कामको लेखाजोखा नै गरेको छ । सुरक्षाकर्मीहरूलाई अगाडि लगाएर निर्धारित मापदण्ड बनाई जतिसक्दो चाँडो टहराहरू बनाउन आवश्यक छ। त्यसो नगरिए अब हिउँ पर्दैछ, यसले नराम्ररी असर गर्नेछ ।राष्ट्रपतिले पाइला टेकेको ठाउँमा दीर्घकालीन योजना सहित काम गर्नुपर्ने थियो। यस सम्बन्धमा सरकारले नीतिगत उल्झन देखाउँदै पन्छिएको छ। र, आफ्ना योजना र रणनीतिहरू सार्वजनिक गर्नुपर्ने थियो ।

त्यो गर्न सकिरहेको देखिंदैन ।पुनःनिर्माणको काम राम्ररी गर्ने, डिजाइन बनाउने र सोही डिजाइन अनुसार काम गर्ने वातावरण तत्काल बनाइनुपर्छ । पुनःनिर्माणका सामानमा कर कटौती गरेर हुन्छ कि त्यहाँसम्म पुर्याइदिएर हुन्छ सरकारले सहयोग गर्न आवश्यक छ ।त्यहाँका कृषकहरूलाई पनि विशेष राहतको व्यवस्था गर्न आवश्यक छ । हेल्थपोष्टको उत्थान गर्नुपर्नेछ । भत्किएका विद्यालयहरू जतिसक्दो छिटो उठाउनु छ। किनकि त्यहाँ हजारौं विद्यार्थीको भविष्य जोडिएको छ ।सरकारले समग्र विकासलाई समेट्ने गरी एउटा प्याकेज बनाएर काम गर्न जरूरी छ । जिल्ला अस्पतालमा विशेषज्ञ डाक्टरहरू खटाउन जरूरी छ। किनकि भूकम्प फेरि-फेरि पनि आउन सक्छ। प्रत्येक पटक विपत्ति आउँदा हेलिकप्टर नै उडाउने हो भने त ठिकै छ, होइन भने त्यही खर्चले जिल्ला अस्पतालको स्तरोन्नति गर्न सकिन्छ ।भनिन्छ, 'विपद्को बेला सही नेतृत्वको पहिचान हुन्छ।' यतिबेला चिसोले कठ्याङ्ग्रिएको जाजरकोटलाई राज्यको न्यानोपन चाहिएको छ ।

*(भूकम्प गएलगत्तै उद्धार, राहत र उपचारमा जाजरकोटका ग्रामीण बस्तीमा खटिएका डा. नवराज केसी बालरोग विशेषज्ञ हुन्। अनलाइनखबरका लागि यज्ञ खत्रीसँगको कुराकानीमा आधारित ।)*

# १ खर्ब ४३ अर्बमा...............

रहेको एक चार्टर्ड एकाउन्टेन्टले बताए। '२०२९ सम्मको लाभांश आजियाटाले पाउने भनिएको छ तर कम्पनीको नियन्त्रण कसको रहने भनिएको छैन । यस हिसाबले यो कारोबार त्यति स्वाभाविक देखिँदैन,' उनले भने। एनसेलको लाइसेन्स सन् २०२९ सम्म छ ।

विद्यमान कानूनअनुसार त्यसपछि त्यो लाइसेन्स सरकारको नाममा आउनेछ। त्यसो हुँदा लाइसेन्सको अवधिभरको डिभिडेन्ड आजियाटाले लिने, त्यसबीचमा आकस्मिक लाभ केही भयो भने त्यो पनि आजिआटाकै हुने गरी स्पेक्ट्रलाइट युकेसँग सम्झौता भएको कम्पनीको विज्ञप्तिमा उल्लेख छ ।

सन् २०२९ सम्मको व्यवसाय तथा दायित्वको जिम्मवारी एनसेलले लिने र विद्यमान र भविष्यमा पनि एनसेललाई सरकारले कुनै कर दाबी गर्‍यो भने त्यो खरिदकर्ता अर्थात् स्पेक्ट्रलाइट युकेले बेहोर्ने गरी सम्झौता भएको पनि उसले उल्लेख गरेको छ ।एनसेललाई राज्यले दोहोरो कर लगाएका कारण सिर्जित वातारवण एवम् सन् २०२९ मा कम्पनीको मोबाइल लाइसेन्सको अवधि सकिँदै गएको अवस्थामा त्यो जोखिमलाई पनि ध्यान दिएर नेपालबाट बाहिरिने निर्णय गरेको उसले उल्लेख गरेको छ ।सरकारले पटकपटक निर्धारण गरेको कर रकम सम्पूर्ण भुक्तानी गर्दा दोहोरो कर परेको र आफूले खरिद गरेको मूल्यको ६२ दशमलव ७ प्रतिशत कर तिर्नुपर्ने अवस्था सृजना भएको आजियाटाले दाबी गरेको छ ।सन् २०२९ पछि एनसेलमा रहेको आफ्नो स्वामित्व नेपाल सरकारमा जाने जोखिम रहेको तथा नेपालमा विदेशी लगानीको संरक्षणको वातावरण नरहेकाले समेत कम्पनीले नेपाल छोड्ने निर्णय गरेको उसले जनाएको छ ।दुई कम्पनीबीच भएको सेयर खरिद सम्झौतामा आजिआटाले 'स्थिर प्रतिफल' र 'सशर्त प्रतिफल' को व्यवस्था गरिएको छ ।

आजियाटाले एनसेलको ८० प्रतिशत सेयर बेचेबापत ५ करोड अमेरिकी डलर स्थिर प्रतिफलका रुपमा पाउनेछन् । त्यसमध्ये ५० लाख अमेरिकी डलर आजियाटाले ६ महिनाभित्र खरिदकर्ताबाट प्राप्त गर्ने र बाँकी रकम चार वर्षभित्र खरिदकर्ताले तिर्ने सम्झौता भएको छ ।त्यस्तै, सशर्त प्रतिफलका रुपमा सन् २०२९ सम्म एनसेलले व्यवसायको प्रदर्शनका आधारमा वितरण गर्ने खुद लाभांश र तथा कुनै अप्रत्यासित लाभ रहेको पनि सम्झौतामा उल्लेख छ ।एनसेलले नेपालको आर्थिक सामाजिक विकासमा ठूलो योगदान गरेको कम्पनीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। एनसेलले गत आर्थिक वर्षसम्म कुल २ अर्ब ८३ अर्ब रुपैयाँ कर तिरेको दाबी पनि विज्ञप्तिमा गरिएको छ ।एनसेलले प्रत्यक्ष र अप्रत्यक्ष गरी २५ हजार रोजगारी सृजना गरेको र १ करोड ७० लाख ग्राहकलाई सेवा दिएको पनि जनाएको छ ।

**एउटा कारोबारमा ६३ प्रतिशत कर तिर्नुपर्ने अवस्था बन्यो: आजिआटा**

आजियाटाले सन् २०१६ मा १ अर्ब ३६ करोड ५० लाख अमेरिकी डलरमा एनसेलको ८० प्रतिशत सेयर किनेको थियो। सेयर किन्ने बित्तिकै यो कर विवादमा फस्यो। हालसम्म एनसेलले पुँजीगत लाभकरबापत ४७ अर्ब रुपैयाँ तिरिसकेको दाबी गरेको छ । नेपालको कानूनबमोजिम थप कर तिर्न बाँकी नरहेको उसको दाबी छ ।तर, ठूला करदाता कार्यालयले उसलाई थप ५७ अर्ब ९० करोड रुपैयाँ कर निर्धारण गरेको छ। यसको विरुद्धमा एनसेलले सर्वोच्चमा रिट दायर गरेको छ तर फैसला हुन बाँकी नै छ ।

विक्रीकर्ताले तिर्नुपर्ने कर पनि एनसेललाई नै थोपरिएको भन्दै कम्पनीले गुनासो गरेको छ ।विश्वबैंक अन्तर्गतको इक्सिडले मध्यस्थतामार्फत दोहोरो कर नलगाउन आदेश दिए पनि ठूला करदाता कार्यालयले पछिल्लो कर निर्धारणलाई फिर्ता नलिएको उसको भनाइ छ । 'सन् २०२१ को कर निर्धारणबापतको रकम पनि तिर्नुपर्‍यो भने १ अर्ब ३६ करोड डलरको खरिदविक्रीमा कुल ८५ करोड ५५ लाख कर तिर्नुपर्छ, जुन कारोबार रकमको ६२ दशमलव ७ प्रतिशत हो,' आजियाटाद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

यो लेनदेनले आजियाटालाई जिम्मेवार ढंगले नेपालबाट बाहिरिन अनुमति दिएको शहरिल रिड्जा रिड्जुआनले बताए ।' नेपालबाट हाम्रो बाहिरिने प्रक्रिया पूरा हुनुले हामीलाई आफ्ना रणनीतिक प्राथमिकताहरूमा ध्यान केन्द्रित गर्न र मूल्य सृजनाको यात्रा जारी राख्न सक्षम बनाउँछ', उनले भनेका छन् ।

# कोप-२८ लाई नेपालले...............

र पर्ने नकारात्मक विषयमा निकै चिन्तनमा छ।

संयुक्त अरब इमिरेट्सको दुबईमा भैरहेको कोप २८ को सम्मेलनमा विश्वका नेताहरु कार्वन उत्सर्जन कम गर्न सकिने उपायका बारेमा मात्रै चिन्तन गरिरहेका छैनन, कार्बन उत्सर्जनबाट पर्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायका बारेमा सैद्धान्तिक छलफल पनि गरिरहेका छन।

यसैबीच दुबईमा प्रधानमन्त्री पुष्पकमल दाहाल र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच भेटवार्ता भएको छ। भेटवार्तामा भारतीय प्रधानमन्त्री मोदीले गत कात्तिक १७ गते जाजरकोटमा केन्द्रबिन्दु बनाएर गएको भुकम्पबाट पुगेको क्षति तथा भारतले गर्नुपर्ने सहयोगका बारेमा कुरा भएको प्रधानमन्त्रीका स्वकीय सचिव रमेश मल्लले जानकारी दिए। त्यसबखत दुइ पक्षीय हितका बारेमा छलफल भएको छ।

प्रधानमन्त्री प्रचण्ड र क्युबाका राष्ट्रपति मिगुइल म्यारियो डायज क्यानेली बीच पनि आजै भेटवार्ता भएको छ। भेटवार्तामा दुइपक्षीय हितका बारेमा कुराकानी भएको छ।प्रधानमन्त्री दाहालले डिसेम्बर २ तारिक अर्थात भोलि सम्मेलनमा सम्बोधन गर्ने कार्यक्रम रहेको छ।त्यसबखत प्रधानमन्त्री प्रचण्डले देशको पहिचान, स्वाभिमान, वातावरणीय अवस्था र मानवताको विषयलाई बलियो रुपमा उठाउँदै छन प्रधानमन्त्री दाहाल नेतृत्वको नेपाली प्रतिनिधिमण्डल मंसिर १३ गते दुबइ प्रस्थान गरेको हो। प्रधानमन्त्री मंसीर १७ गते स्वदेश फर्कने कार्यक्रम रहेको छ।

बालविवाह सामाजिक र कानूनी अपराध हो

- बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ।

परवानीपुर गाउँपालिकाको कार्यालय बारा द्वारा जनहितमा जारी सन्देश

तिम्रीसमद्को पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
National DAILY दैनिक
जि.प्र.का.दर्ता ७८/२०७५/७६

# नक्कली भुटानी शरणार्थी प्रकरणमा रायमाझीसहित नौ जनालाई थुनामै राख्न आदेश



काठमाण्डौ -

उच्च अदालत पाटनले नक्कली भुटानी शरणार्थी प्रकरणमा पूर्व उपप्रधानमन्त्री तथा नेकपा एमालेका सचिव टोपबहादुर रायमाझीसहित नौ जनालाई थुनामै राख्न आदेश दिएको छ।

न्यायाधीशद्वय प्रकाश खरेल र जनक पाण्डेको इजलासले र ायमाझीलाई थुनामै राख्न आदेश दिएका छ।

तर यो प्रकरणमा संलग्न भएको अहिले नै प्रमाण नदेखिएकाले टोपबहादुर र ायमाझीका छोरा सन्दीपलाई भने ३० लाख रुपैयाँ धरौटीमा छाड्न अदालतले आदेश दिएको छ भने पूर्व गृहमन्त्री बालकृष्ण खाणलाई ध रौटीमा छाड्ने निर्णयमा भने न्यायाधीशको मत बाझिएको छ। एक जना न्यायाधीशले बालकृष्ण खाणलाई ३० लाख रुपैयाँ धरौटीमा छुटाउन आदेश दिए पनि अर्का न्यायाधीशले थुनामै राख्न आदेश दिएपछि अब उनको मुद्दा अर्को इजलासमा जानेछ। बालकृष्ण खाणका स्वकीय सचिव नरेन्द्र केसी भने धरौटीमा रिहा भएका छन्। यस्तै, अदालतले भुटानी शरणार्थी नेता टेकनाथ रिजाललाई धरौटीमा छाड्न आदेश दिएको छ। रिजाललाई १५ लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको हो। भुटानी शरणार्थी नेता रिजालको पक्षका कानुन व्यवसायीले मानव तस्करी मा 'असहयोग' गरेका कारण रि जाललाई फसाइएको तर्क गरेका थिए। भुटानी शरणार्थीलाई अमेरिका लैजाँदा पैसा लिएको अहिले नै प्रमाणित नभएको र उनको स्वास्थ्य अवस्था नाजुक रहेको तथा शरणार्थी भएकाले भागेर विदेश जान नसक्ने देखिएकाले रिजाललाई १५ लाख रुपैयाँ धरौटीमा छाड्न उचित हुने अदालतले जनाएको छ। थुनामै रहनेहरुमा रायमाझीसहित पूर्व सचिव टेकनारायण पाण्डे, इन्द्रजित राई, केशव दुलाल, सागर राई, आङ्टावा शेर्पा, सानु भण्डारी, सन्जय शर्मा र गोविन्द चौधरी रहेका छन्।

यस्तै, धरौटीमा छुट्नेहरुमा टेकनाथ रिजाल, नरेन्द्र केसी र सन्दीप रायमाझीसहित हरिभक्त महर्जन, लक्ष्मी महर्जन, शम्शेर मियाँ, आशिष बुढाथोकी, टेक गुरुङ, र ामशरण केसी र केशव तुलाधर र हेका छन्। काठमाण्डौं जिल्ला अदालतले गएको असार १ गते थुनामा राख्न दिएको आदेशविरुद्ध प्रतिवादीहरुले उच्च अदालतमा निवेदन दिएका थिए। यो निवेदनमा हिजो सुनुवाइ सकिए पनि शुक्रवार आदेश आएको छ।

# ८ सिट भएको मैजिक मा १४ जना यात्रु , ट्राफिक प्रहरी राम सहाय प्रसाद यादव महिन्वारी लिइ सन्चालन गराएको आरोप

*शुभम सन्देश,*
*विरगंज, १५ मंसीर*

ट्राफिक प्रहरी अहिले ड्युटी भन्दा पनि पैसा असुल्नमा व्यस्त भएका छन्। जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्सा एवं बाराबाट खटिएका ट्राफिक प्रहरीहरु ड्युटी गर्नुभन्दा पनि पैसा कसरी असुल्न सकिन्छ भन्नेतर्फ अग्रसर रहेको देखिन्छ।

पर्साको सुख्खा बन्दरगाहदेखि पावरहाउस चोक, लक्ष्मणवा चोक, कलैया वीरगंज सडक खण्डमा खटिएका ट्राफिक प्रहरी सवारी दुर्घटना न्यूनीकरण गर्न ड्युटीमा खट्नु भन्दा पनि पैसा दिने गरेका छन्। मैजिक मा ८ सिट भएको सवारीमा १४ जना यात्रु बोक्ने त्यो पनि सिट थपि थपीवीरगंजको सुख्खा बन्दरगाह स्थित ड्युटीमा खटेका ट्राफिक प्रहरी हरु भारतबाट मालसामान बोकेर आउने ट्रकहरुसँग कागजपत्रको नाममा पैसा असुल्नुको साथै कागजपत्र भएका ट्रकहरुसँग प्रति ट्रक १ सयदेखि १ सय ५० रुपैसासम्म असुल्ने गरेको बताइएको छ।

त्यसैगरि वीरगंजबाट कुनैपनि चेकजाँचको नाममा प्रति मोटर साइकल १ सयदेखि ३ सय रुपैयासम्म असुल्ने गरेका छन्। नेपाल भारत ओहरदोहर गर्नेहरुको संख्या हजारौं रहेकोमा नेपाली मोटर साइकल भन्दा पनि भारतीय मोटर साइकलहरुलाई रोकेर केही कागजात कम भएपछि उनीहरुसँग अवैध असुली गरेर छाड्ने गरेको बताइएको छ।

यसैगरि लक्षमण्वा चोकमा कुनैपनि बेला ट्राफिक प्रहरी भेटिँदैन तर जब साँझ पर्छ तब त्यहाँ



कसरी असुल्न सकिन्छ भन्ने मनसायले जथाभावी जुनसुकै ठाउँमा छड्के चेकिङ्ग गरेर पैसा असुल्ने काम गर्दै आएको सर्वसाधारणहरुको आरोप छ।

विरगंज बस पार्क का कमान्ड समालेका प्रहरी सहायक निरीक्षक रामसहाय प्रसाद यादव भार तीय गाडी शीत टिप शुल्क तथा बिर गंज मा संचालित इरिशा,अटो तथा मैजिक बाट महिनवारी लिइ बिना सवारी चालक अनुमतिपत्र , सिट क्षम्ता भन्दा बढि यात्रु बोक्ने ,बिना पर्मिट सन्चालन गराएका छन्। माल बाहक सवारी बाट २०० देखि ५०० नगद लि गाडी छाडि सामान बोकेर जाने ट्याक्टरहरुसँग पनि पैसा असुल्ने गरेको बताइएको छ। त्यसैगरि पावरहाउस चोक स्थित खटेका ट्राफिक प्रहरीहरुले पनि आफ्नो ड्युटी भन्दा पनि चेकजाँचको नाममा मालबाहक ट्रकहरुसँग पैसा असुल्ने काम मात्रै गर्ने गरेको ट्रक चालकहरुको गुनासो छ।यसरी नै वीरगंजको र जतजयन्ती चोक स्थित खटेका ट्राफिक प्रहरी पनि चेकिङ्गको नाममा पैसा असुली कार्य मात्रै गर्ने गरेका छन्। भारतबाट आउने यात्रुहरुलाई रोकेर कागजपत्र ट्राफिक प्रहरी चेकजाँचको बहानामा आफ्नो दुकान शुरु गरि हाल्छ। सधैं साँझ ७ बजेदेखि ९ बजेसम्म ट्राफिक प्रहरी ड्युटीमा भन्दा पनि पैसा असुल्नमा व्यस्त देखिन्छ। लाइसेन्स नभएका, कागजपत्र नबोकेका मोटरसाइकल चालकहरुसँग चिट काट्नुको सट्टा आधा पैसा कम लिएर बिना चिट छाड्ने गरेको बताइएको छ। त्यसैगरि गण्डक चोक स्थित खटेका ट्राफिक प्रहरीले सामान बोकेको ट्याक्टर एवं ट्रकहरुसँग अवैध रुपमा पैसा असुल्ने काम गर्दै आएको छ।

# १ खर्ब ४३ अर्बमा किनेको एनसेलको सेयर साढे ६ अर्बमा बेचेर बाहिरियो आजियाटा

१५ मंसिर, काठमाडौं।

मलेसियाको टेलिकम जायन्ट आजियाटाले नेपालको एनसेलमा रहेको आफ्नो ८० प्रतिशत सेयर बेलायतको स्पेक्ट्राइट यूके लिमिटेडलाई बिक्री गर्ने भएको छ। आजिआटाले आफ्नो सेयर ५ करोड अमेरिकी डलर अर्थात् ६ अर्ब ६६ करोडमा स्पेक्ट्लाइट यूके लिमिटेडलाई बेचेको उल्लेख गरेको छ।तर, सन् २०२९ सम्म एनसेलले पाउने लाभांश भने आजिआटाले नै पाउने सेयर खरिद सम्झौतामा उल्लेख भएको आजिआटाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

स्पेक्ट्लाइट यूके लिमिटेड बेलायतमा दर्ता भएको कम्पनी हो। यसको सञ्चालकमा सतिशलाल आचार्य छन्। आचार्य एनसेलमा २० प्रतिशत हिस्सा भएको सुनिभेरा क्यापिटल भेन्चर्सका सञ्चालक पनि हुन्। अब एनसेलमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आचार्य समूहकै शतप्रतिशत शेयर स्वामित्व कायम हुने भएको छ।आजिआटाले आफ्नो शतप्रतिशत सेयर रहेको रेनोल्डस् होल्डिङ लमिटेड बेलायती कम्पनीलाई बिक्री गरेको विज्ञप्तिमा उल्लेख छ। आजियाटाले सात वर्षअघि स्विडेनको टेलियासोनेरासँग रेनोल्ड होल्डिङ खरिद गरेको थियो। एनसेलमा रेनोल्डको शतप्रतिशत सेयर छ।

Ncell
an axiata company

आजिआटा सन् २०१६ मा नेपालमा भित्रिएको थियो। त्यसबेला १ अर्ब ३६ करोड अमेरिकी डलर अर्थात् त्यसबेलाको विनियमदरअनुसार १ खर्ब ४३ अर्ब रुपैयाँमा एनसेलको सेयर उसले किनेको थियो।तर, त्यसको साढे सात वर्षपछि कम्पनी त्यसको तुलनामा अत्यन्तै काम मूल्यमा सेयर बिक्री गरी नेपालबाट बाहिरिने निर्णय गरेको छ।एनसेलले गत आर्थिक वर्षमा मात्रै ३९ अर्ब ८१ करोड आम्दानी गरेको थियो भने ५ अर्ब १६ करोड रुपैयाँ खुद नाफा आर्जन गरेको थियो। सन् २०२३ को तेस्रो त्रैमाससम्ममा एनसेलले २८ अर्ब २७ करोड आम्दानी गरिसकेको छ।यति ठूलो कारोबार र नाफा रहेको कम्पनीको ८० प्रतिशत शेयर साढे ६ अर्ब रुपैयाँमा विक्री हुनु अस्वाभाविक

**बाँकी तेस्रो पृष्ठमा........**

जाडोको समयमा चिसोबाट बचौं
- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
प्रसौनी गाउँपालिकाको कार्यालय बारा द्वारा जनहितमा जारी सन्देश